## पाठ्यसामग्री मूल्याङ्कन तथा स्वीकृतिसम्बन्धमा लेखक तथा प्रकाशकहरूसँग अनुरोध

यस केन्द्रबाट प्रकाशित मिति २०७७/०४/१५ को सूचनाअनुसार कक्षा १ देखि कक्षा १२ सम्मका विभिन्न कक्षाहरूमा प्रयोग गर्ने प्रयोजनका लागि पाठ्यसामग्री तयार गर्दा तपसिलका विषयमा ध्यान पुऱ्याउनु हुन सम्बन्धित लेखक तथा प्रकाशकहरूमा अनुरोध छ :

(१) लेखकले सम्बन्धित विषयको स्वीकृत पाठ्यक्रमको अद्योपान्त अध्ययन गर्ने र त्यसमा राखिएका प्रावधानहरूको बारेमा स्पष्ट जानकारी लिने । पाठ्यक्रमको सक्षमता, उद्देश्य, विषयवस्तु र विषयक्षेत्र (Theme) अनुसार सामग्री विकास गर्ने । विषयवस्तुलाई उपयुक्त क्रममा राख्ने । पाठ्यक्रममा तोकिएको कार्यघण्टाभित्र पठनपाठन गर्न सकिने पाठ्यक्रमले तोकेका विषयवस्तु समेटिने गरी सामग्री तयार गर्ने । पाठ्यक्रमको क्षेत्र र क्रममा राखिएको विषयवस्तुको गहिराइसम्बन्धमा सक्षमता र सिकाइ उपलब्धि समेत अध्ययन गरेर यकिन गर्ने

(२) प्रत्येक एकाइको पहिलो भागमा एकाइको परिचय राख्ने र यसमा एकाइबाट विद्यार्थीले हासिल गर्ने सिकाइ उपलब्धि एक वा दुई अनुच्छेदमा उल्लेख गर्ने

(३) सैद्धान्तिक विषयवस्तुको प्रस्तुतिको साथै प्रसङ्गअनुसार दैनिक जनजीवनसँग सम्बन्धित विद्यार्थीले देखेभोगेका घटना र अनुभवहरूसँग मिल्दो किसिमका प्रशस्त उदाहरणहरू समावेश गर्ने । विद्यार्थीको सिर्जनशीलता, तार्किकता र मस्तिष्क मन्थन गराउने प्रकारका प्रश्न, सुझाव र निर्देशनहरू समावेश गर्ने

(४) प्रत्येक एकाइको अन्त्यमा अभ्यासका लागि वस्तुगत र विषयगत दुवै प्रकारका प्रश्नहरू समावेश गर्ने । विषयवस्तुको प्रकृति र आवश्यकताअनुसार खाली ठाउँ भर्ने, ठिकबेठिक छुट्ट्याउने, जोडा मिलाउने र बहुवैकल्पिक गरी सबै प्रकारका प्रश्नहरू राख्न सकिने तर सम्बन्धित विषयको विशिष्टीकरण तालिकाअनुसार ज्ञान र बोध, प्रयोग, विश्लेषण, मूल्याङ्कन, सिर्जनशीलता तहका प्रश्नहरू समावेश गर्नमा विशेष ध्यान पुऱ्याउने । विशेष गरी माध्यमिक तहमा प्रत्येक अभ्यासमा उपयुक्त सङ्ख्यामा एक वा दुई वाक्यमा उत्तर दिन सकिने अति छोटो, एक वा दुई अनुच्छेदमा उत्तर दिने सकिने छोटो र लामो उत्तर आउने प्रश्नहरू समावेश गर्ने । पाठ्यसामग्रीमा परीक्षाको नमुना प्रश्नपत्रको ढाँचामा अभ्यासहरू नराख्ने । पुराना प्रश्नपत्रको सङ्कलन र अभ्यास नराख्ने

(५) सम्बन्धित विषयमा प्रयोगात्मक र परियोजना कार्यका लागि प्रत्येक एकाइ र विषयका लागि छुट्याइएको कार्यघण्टाभित्र सम्पन्न गर्न सकिने र आन्तरिक मूल्याङ्कनका लागि तोकिएको अङ्कभारका लागि उपयुक्त हुने किसिमले सिर्जनात्मक, प्रयोगात्मक र परियोजना कार्यका नमुना क्रियाकलापहरू समावेश गर्ने । यसमा शिक्षकले आफ्नो विद्यालयको परिवेश अनुसार आफैले त्यस प्रकारका क्रियाकलापहरू गर्न सक्ने तर्फ निर्देश गर्ने ।

(६) साभार गरिएका विषयवस्तुको कृतज्ञता ज्ञापन (Acknowledgement) अनिवार्य रूपमा प्रिलिम्स पानामा समावेश गर्नुपर्ने । विशेष गरी कक्षा ११ र १२ मा पाठ विकास गर्दा प्रयोग गरिएका सन्दर्भ सामग्रीहरूको सूची उपयुक्त ढाँचामा अन्तिमका पृष्ठमा समावेश गर्ने । कुनै भनाइ वा परिभाषा उद्धृत गर्दा नाम उल्लेख गर्नेबाहेक पाठको बिच बिचमा पादटिप्पणी (Citation) नराख्ने । प्रतिलिपि अधिकार (Copy right) को सम्बन्धमा लेखक र प्रकाशक स्वयम् जिम्मेवार हुने । विषयवस्तु, सूचना, सिद्धान्त, तथ्यतथ्याङ्क, अवधारणा आदिको आधिकारिकताका लागि लेखक, सम्पादक र प्रकाशक जिम्मेवार हुने । भाषिक शुद्धाशुद्धीका लागि भाषा सम्पादक जिम्मेवार हुने

Government of Nepal
Ministry of Education, Science and Technology
Curriculum Development Centre
Sanothimi, Bhaktapur

(७) एउटा सामग्रीमा सामान्यतः भाषा सम्पादकबाहेक पाँच जनासम्म लेखक र सम्पादक राख्नु उपयुक्त हुने । अन्य व्यक्तिको योगदानको उल्लेख गर्नुपर्ने भए हाम्रो भनाइ वा प्राक्कथनमा वा सर्वाधिकार पृष्ठमा उल्लेख गर्ने । सामग्रीमा लेखक र सम्पादकको नाम र योग्यताबाहेक अरू विवरण (जस्तैः लेखकको तस्बिर, लेखकको व्यक्तिवृत्त, सम्पादन मण्डल, निर्देशक, सल्लाहकार समिति आदि) नराख्ने

(८) माध्यमिक तहका सामग्रीको अन्तिम पृष्ठ/हरूमा आवश्यक विषयमा नेपाली/अङ्ग्रेजी अनुवादसहित कठिन तथा पारिभाषिक शब्दहरूको सूची (Glossary) समावेश गर्ने

(९) विषयवस्तुको प्रस्तुतीकरण, उदाहरण, अभ्यास, चित्राङ्कन आदिमा समावेशीकरणमा ध्यान दिने । राष्ट्र, राष्ट्रियता, कुनै पनि धर्म, लिङ्ग, जातजाति, संस्कृति, समुदायमा आक्षेप लाग्ने, कुनै समूहका लागि अप्रिय लाग्ने चित्र, शब्द, वाक्यांश र विषयवस्तु नराख्ने र अपाङ्गतामैत्री हुने शब्द, वाक्यांशहरू प्रयोग गर्ने

(१०) विषयवस्तुको प्रसङ्गअनुसार कस्तो चित्र, तालिका, रेखाचित्र कहाँ र कसरी राख्नु पर्ने हो लेखकले बक्सभित्र स्पष्ट उल्लेख गर्ने । चित्राङ्कन भएपछि निर्देश गरिएअनुसारको चित्राङ्कन भयो भएन भनी लेखकले पुनरावलोकन गर्ने

(११) मुखपृष्ठ आकर्षक, रङ्गीन र सम्बन्धित विषय र समावेश गरिएका विषयवस्तुको विशिष्टता झल्काउने किसिमको हुनुपर्ने

(१२)स्वीकृत पाठ्यसामग्रीका मुख पृष्ठको भित्री पेज (Inner Front Page) मा यस केन्द्रबाट प्रदान गरिएको स्वीकृति पत्रको प्रतिलिपि (स्वीकृति पत्र प्राप्त गरेपछि), नेपालको आधिकारिक नयाँ नक्सा र कोभिड-१९ सङ्क्रमण रोकथामसम्बन्धी सूचना यस केन्द्रको वेबसाइटबाट डाउनलोड गरी राख्ने

(१३) स्वीकृत पाठ्यसामग्रीको हरेक पानाको अन्त्य (Footer) मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भन्ने व्यहोरा राखी छपाइ गर्ने

(१४) पाठ्यसामग्री उपयुक्त फर्म्याट र आकारमा छपाइ गर्ने । पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित प्रकाशन शैली, २०७६ अनुसार डिजाइन र सम्पादन गर्ने । छपाइ तथा अक्षरको आकार मिलाई रङ्गीन भए उपयुक्त रङमा स्पष्ट र शुद्ध छाप्ने । सामान्यतः पाठ्यसामग्रीको आकार कक्षा १-३ को हकमा २१ से.मि ×२८ से.मि र अन्यको हकमा १८ से.मि.×२४ से.मि. साइजको हुनुपर्ने ।

(१५) पाठ्यसामग्रीमा शैक्षिक प्रयोजनका लागि कपिराइटको नियम नलाग्ने गरी प्रकाशन गरिएका र सर्वस्वीकृत मान्यताअनुसार सोझै राख्न मिल्ने पाठको विषयवस्तु र विद्यार्थीको स्तर र आवश्यता मिल्दा सुहाउँदा चित्र, रेखाचित्र, तालिका, ग्राफ आदि विभिन्न इन्टरनेटलगायतका स्रोतबाट प्राप्त गरी राख्न सकिने र तर अन्यको हकमा नयाँ बनाइएका चित्र, रेखाचित्र आदि सामग्रीहरू राखी चित्राङ्कन र डिजाइन गर्नुपर्ने । रङ्गीन छपाइ तथा चित्रहरूमा बालबालिकाले पढ्न उपयुक्त हुने गरी रङ्ग संयोजन मिलाउनुपर्ने । पाठ र विद्यार्थीको स्तर हेरी चित्र, ग्राफ, रेखाचित्र आदि प्रशस्त राखी सामग्री चित्रात्मक, आकर्षक र उपयुक्त आकार र डिजाइनमा छापिएको हुनुपर्ने ।

Government of Nepal
Ministry of Education, Science and Technology
Curriculum Development Centre
Sanothimi, Bhaktapur